

# उद्योगमा Information & Communication Technology : सम्भावना कि चुनौती ?



सन्तोष जोशी
निर्देशक, ड्रिमवर्क सोलुसन

अमेरिकी सरकारले आफ्नो नागरिकको साना व्यवसाय गर्ने चाहनालाई सुरक्षा प्रदान गर्नु पर्छ भनी राखेको सोचले नै एउटा विकसित देशले प्राप्त गरेको आर्थिक समृद्धिलाई प्रस्ट्याउँछ ।

रेमिट्यान्सले धानेको देश भनेर आत्मसमर्पणकै पारामा आफैँमा मजाक गरेर बसि रहेका हामीमा राजनैतिक स्थिरता र नीतिगत दूरदर्शिताले कहिल्यै आफ्नै देशमा लगानीको जोस र उमङ्ग ल्याउन सकेन । सरकारको सहयोगको अपेक्षाबाट निराश भएका हातेमालोका हाम्रा प्रयासहरू गुट र जत्थामा सीमित हुँदै गएको यथार्थ र यसले सार्वजनिक सङ्गठनमा पार्ने दीर्घकालीन असर अर्को एउटा नकरात्मक विन्दु हो । छाता सङ्गठनको सदस्यता अप्ठ्यारो पर्दा आफू एक्लै परिएला भन्ने डरको उपज मात्र रहेर त्यस्ता सङ्गठनको अग्रजहरूबाट दीक्षित नयाँ पुस्ताको दूरदर्शिता झनै सीमान्तकृत हुँदै गए यसको बहुआयामिक दुष्प्रभाव निश्चित प्रायः नै छ ।

संसारका थुप्रै विकसित मुलुकले आफ्नो आर्थिक समृद्धिको पहिलो प्राथमिकतामा राखेर लाइफ ब्लड मानी आफैले प्रत्यक्ष रूपमा संरक्षित गरिरहेको उद्योगलाई प्रवर्द्धन गर्न चितवनमा पनि चितवन उद्योग सङ्घले गरिरहेको विविध कार्यक्रमहरूको जानकारी मेरा लागि उत्साह र उत्प्रेरणा प्रदान गर्ने खालका थिए ।

सुन्दा जतिसुकै अचम्म लागेपनि व्यावसायिक प्रवर्द्धन तथा संरक्षणका लागि प्रविधि स्वरूप विकसित मुलुकले प्रयोग गरिरहेका software हरू हाम्रा लागि पनि त्यत्तिकै सम्भाव्य छन् जसलाई उत्सुकताको कमीले उद्योगीहरूको आवश्यकता बन्न दिइरहेको छैन भन्ने जानकारी उद्योगीहरूमाझ सम्प्रेषण गर्न चितवन उघोग सङ्घले प्रभावकारी भूमिका खेल्न सक्ने हाम्रो ठम्याइले चितवन उघोग सङ्घ र DreamWork Solution बिच एउटा सहकार्यको वातावरण सृजना गरिदियो ।

साना उद्योगीलाई संरक्षण तथा प्रवर्द्धनका लागि अमेरिकी सरकारको Small Business Administration (www.sba.gov) र चितवन उद्योग सङ्घको (www.cainepal.org) को Web Application Framework (WAF) एउटै हुनुले सफ्टवेयर प्रदायक कम्पनीको रूपमा हामीलाई सामान्य सन्तुष्टि त प्रदान गर्ला तर यस पछिको मार्गचित्रले प्रविधिभन्दा पनि सफ्टवेयर प्रदायक कम्पनी र उद्योगीहरू बिच अविरल सहकार्य खोज्छ र यो नै Information and Communiation Technology उद्योगमा स्थापित गर्न तर्सिएको वास्तविक चुनौती हो ।

औद्योगिक विकासमा Information and Communication Technology स्थापित गर्न प्रविधिको बलजफत नक्कल गरेर हैन उद्योगको आवश्यकता र कार्य प्रणालीको अध्ययन गरी उचित software लाई आंशिक रूपमा बिस्तारै स्थापित गर्दै लैजानु पर्दछ ।

Information Technology भनेको website बनाएर Internet मा आफ्नो फोटो र आफ्नो कुरा राख्ने त हो नि भन्ने हाम्रो अल्प बुझाइको प्रभावले यसलाई कम प्राथमिकता तथा अतिरिक्त लगानीका कुराहरूको सूचीमा राखि दिएको देखिन्छ । एकथरी उद्योगीले Information Technology विना नै आफूले बेस्सरी राम्रो गरी रहेकाले हाल आफूलाई सूचना प्रविधि आवश्यकता नरहेको आफैँले ठम्याइ दिनु हुन्छ । अर्को एकथरी ठुलो जमातले भने Information Technology ले आफ्नो प्रकृतिको काममा कुनै मद्दत गर्न नसक्ने निचोड निकालेर यस बारे छलफल नै आवश्यक ठान्नु हुन्न । यी सब कारणहरूले हाम्रो देशमा Information and Communication Technology का उपयोगिता र सम्भावनाहरू उद्योगीहरू माझ ओझेलमा पर्दै आएको देखिन्छ ।

Information and Communication Technology लाई उद्योगको विकासमा स्थापित गर्नका लागि भौतिक र प्रयोगात्मक रूपमा त्यसको सम्भावनाभन्दा पनि यसलाई

स्वीकार गर्ने उद्योगीहरूको चाहना अनि तत्परता नै प्रमुख चुनौतीका रूपमा देखा परेका छन् ।

उद्योगलाई टेवा पुऱ्याउने र उद्योगको कार्यशैलीमै सकरात्मक प्रभाव पार्ने उद्देश्यका साथ स्थापित चितवन उद्योग सङ्घ जस्तो छाता सङ्गठनले उद्योगको समग्र विकासमा Information and Communication Technology को भूमिकालाई विस्तार गर्न विशिष्ट भूमिका खेल्न सक्ने देखिन्छ ।

Website लाई सूचना प्रसारको माध्यमभन्दा विस्तार गर्दै चितवन उद्योग सङ्घमा हामीले Membership Management जस्ता स्तरीकृत web application प्रतिस्थापित गरि सकेका छौँ । आफ्ना प्रत्येक सदस्यहरूले आफूले चाहेको जानकारी आफैँले उद्योग सङ्घको website को आफ्नो प्रोफाइल पेजमा सम्प्रेषण गर्न पाउने व्यवस्था मिलाइ सकिएको छ । प्रविधि समायोजनलाई निरन्तरता दिँदै उद्योगहरूको Geographic Information System (GIS) विकास गर्ने योजनामा छलफल सुरु गरिएको छ र अब भविष्यमा यसले प्रदान गर्ने भौगोलिक चित्रणको आधारमा विश्लेषणको सुविधालाई व्यावहारिक प्रयोग गर्दै लाने योजना निर्माण गरिएको छ । Multi-layer Interactive Map का असीमित फाइदाहरूलाई चितवन उघोग सङ्घले सानो अंशबाट अभ्यास गर्दै आफ्नो अनुकूल बनाउँदै लैजानु पर्दछ ।




अर्को एउटा महत्त्वपूर्ण कुरा चितवनमा स्थापित उद्योगीहरूले व्यवसायको सुरूवात गर्दा आफूले भोगेका सान्दर्भिक समस्या, त्यसको समाधानका लागि अपनाइएका उपायहरूको दस्तावेज बनाइ Blog को रूपमा वेभसाइट मार्फत प्रसार गर्नुपर्छ । यस्ता अनुभवलाई digital donation रूपमा सम्मान गरी सबै स्थापित उद्योगीहरूलाई आफ्नो अनुभव बाँड्न प्रोत्साहित गर्नु पर्दछ । चितवन उद्योग सङ्घ आफैँले पनि उद्योग सुरु गर्न पूर्व तयारी स्वरूप नयाँ उद्योगीहरूले चाल्नुपर्ने कदमहरू र भविष्यमा उद्योगीहरूलाई आउन सक्ने समस्याहरू र त्यसको सामना गर्ने उपायहरूलाई website मार्फत सम्प्रेषण गर्दै जानु पर्दछ ।

समग्रमा चितवन उद्योग सङ्घले स्वीकार गरेको Information and Communication Technology प्रति उद्योगीहरूको व्यक्तिगत लगाव बढाउँदै लगी उनीहरूको business development मा Information and Communication Technology को भूमिका खोजिनु पर्दछ ।

अन्तर्राष्ट्रिय ब्रान्डका उत्पादनहरूमा अमिताभ बच्चनले Boro Plus र Dabur Honey भनेर प्रचार गरि दिएर हाम्रो आफ्नो बहुगुणी उत्पादनले बजार नपाएको होइन बरु हाम्रो आफ्नै व्यापारिक चतुऱ्याइँको कमी नै यसका मुख्य कारण हुन् भन्ने हामीले स्विकार्नु पर्ने देखिन्छ । रेडियो, टेलिभिजन हुँदै विज्ञापन बजार अनलाइनमा आइरहेको परिप्रेक्ष्यलाई स्विकार्दै हामी यसको सम्भावित प्रयोगलाई पहिल्याउने हिम्मत गरि रहेका छेनौँ । अबको प्रतिस्पर्धात्मक बजारमा आफूलाई उभ्याउन प्रचार प्रसार अनि उत्पादन र वितरणको सन्तुलनको महत्त्वलाई नकार्न सकिँदैन ।

युरोपको मेरो साथीले नेपालमा १५ दिन घुम्दा हाम्रो देशको कुनाकुनामा Internet उपलब्धता देखेर छक्क परेको थियो भने अर्को एक जना हाम्रै व्यवसायी हाम्रो देशमा इन्टरनेटको विकास नभएको देखेर क्रोधित हुनु हुन्थ्यो । इन्टरनेट द्रुत गतिमा चल्ने ५० वटा राष्ट्रहरूमध्येमा पनि नेपाल पर्दैन तर प्रविधि अपनाउन तथा यसको प्रयोग गर्नलाई जोखना हेरेर बस्न पर्दैन जे छ त्यसैबाट सुरूवात गर्दा हुन्छ । भारतको "Digital India" सायद त्यही विचारबाट प्रभावित कार्यक्रम थियो किनभने इन्टरनेट द्रुत गतिमा चल्ने ५० वटा राष्ट्रहरूमा भारत पनि पर्दैन ।

विश्व बजारले उद्योग सञ्चालन सूचना तथा सञ्चार प्रविधि विना असम्भव देखि रहँदा हामीले उद्योगमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग असम्भव देख्नु बुद्धिमत्ता हुँदैन । Website को माध्यमबाट आफ्नो सेवा तथा उत्पादनको जानकारी सम्प्रेषण गर्नुका साथै web based service हरूलाई अझ फराकिलो पारेर Customer Relationship Management (CRM), Enterprise Resource Management (ERM), Supplier Relationship Management (SRM) जस्ता web application हरू सुन्दा जति नै प्रतिकूल र अपनाउन जतिनै जटिल लागे पनि यसलाई स्विकारे हाम्रो प्रचलित र परम्परागत कार्यशैली र कार्य प्रणालीलाई अझ चुस्त दुरूस्त अनि धैरै हदसम्म स्वचालित बनाइ दिने निश्चित नै छ ।

अध्ययन र विश्लेषण गरी Information and Communicaton Technology मा गरिएको लगानीले Return On Investment (ROI) सुनिश्चित त गरि दिन्छ नै, यसले उद्योग र व्यवसायको समग्र विकासका नयाँ आयामहरू पनि पहिल्याइ दिन्छ ।